दिप्रुङ चुइचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याइसोलाटार, खोटाङ

कोशी प्रदेश नेपाल

मिति: २०८२/०६/०७

"हाम्रो परिकल्पना: समृद्ध दिप्रुङ चुइचुम्मा"


## विज्ञप्ति

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त सतर्कता सम्बन्धी पत्र तथा जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको विशेष बुलेटिन अनुसार आगामी असोज ८ गते बिहिबारदेखि असोज ११ गते आइतबारसम्म देशका विभिन्न भागमा मेघगर्जन र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा केही स्थानमा अति भारी वर्षाको सम्भावना रहेको र बंगालको खाडीमा विकसित न्यून चापीय प्रणालीको प्रभाव कोशी प्रदेश लगायत देशभर पर्ने र यस गाउँपालिका क्षेत्रभित्र समेत बाढी, पहिरो तथा डुबानको उच्च जोखिमको संभावना रहने देखिएकाले गाउँपालिकाबासी सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा उच्च सतर्कता अपनाउनुहुन यो विज्ञप्ति जारी गरिएको छ। विपद् जोखिम न्यूनीकरण तथा सम्भावित क्षतिबाट बच्नका लागि सम्पूर्णमा देहायबमोजिम अनुरोध गरिन्छ:

१. अत्यावश्यक कामबाहेक लामो दूरी तथा रात्रिकालीन यात्रा नगर्नु/नगराउनुहुन।

२. खोलानाला, नदी किनार तथा भिरालो र पहिरोको उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकहरू विशेष चनाखो रहनुका साथै पूर्वसूचना प्राप्त हुनासाथ तत्काल सुरक्षित स्थानमा स्थानान्तरण हुन।

३. बाढीपहिरो तथा प्राकृतिक विपद्बाट हुनसक्ने जनधनको क्षति रोक्न, प्राथमिक उपचार तथा आपत्कालीन सेवा प्रवाहका लागि गाउँपालिकाअन्तर्गत कार्यरत सम्पूर्ण सुरक्षाकर्मी (गाउँ प्रहरी), स्वास्थ्यकर्मी तथा कर्मचारीहरू चौबीसै घण्टा उच्च तयारी अवस्था (Standby / High Alert) मा रहन।

४. आधिकारिक निकायबाट जारी हुने मौसम सम्बन्धी अद्यावधिक सूचना, सतर्कता सन्देश तथा पूर्वचेतावनीहरूको निरन्तर अनुसरण गर्न।

**वर्षा र बाढीपहिरोका कारण कुनै पनि अप्रिय घटना वा आपत्कालीन अवस्था सिर्जना भएमा तत्काल उद्धार, राहत तथा सहयोगका लागि गाउँपालिकाको विपद् व्यवस्थापन सम्पर्क व्यक्ति, गाउँ प्रहरीको फोन नं. ९७१३०७९५०१ वा नजिकको सुरक्षा निकायमा तुरुन्त सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौं।**

...........................
(मोहन कृष्ण प्रसाद सेठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत

...........................
(लोकेन्द्र राई)
गाउँपालिका अध्यक्ष


Website: www.diprungmun.gov.np

Email: ito.diprungmun@gmail.com

Facebook: https://www.facebook.com/diprung